नेपाल सरकार
# सङ्घीय मामिला तथा सामान्य प्रशासन मन्त्रालय
सिंहदरबार, काठमाण्डौं
(स्थानीय तह समन्वय शाखा)

फोन नं.-४२००५११/४२००३०४

मितिः- २०८०/०२/१४

पत्र सं.:-२०७९/०८०
चलानी नं.:- ५०५

श्री स्थानीय तह (सबै)।

विषयः- जानकारी सम्बन्धमा।

प्रस्तुत विषयमा गृह मन्त्रालयको च.नं. ९१२ मिति २०८०/०२/०७ को गणतन्त्र दिवस मनाउने सम्बन्धी पत्र आवश्यक कार्यार्थ यसैसाथ संलग्न गरी पठाइएको व्यहोरा आदेशानुसार अनुरोध छ।

आयुषी भट्टराई
शाखा अधिकृत

बोधार्थः
श्री गृह मन्त्रालय, सिंहदरबार, काठमाण्डौं।
श्री सूचना तथा प्रविधि शाखाः-Website मा Upload गरिदिनुहुन।

नेपाल सरकार

# गृह मन्त्रालय

(गणतन्त्र दिवस मूल समारोह समितिको सचिवालय)

अत्यन्त जरुरी

पत्र संख्याः गणतन्त्र दिवस-२०८०
प्राप्त पत्र संख्या र मितिः-
च.नं.:- ६१२

सिंहदरबार,
काठमाडौं, नेपाल।

मितिः २०८०।०२।०७

श्री सङ्घीय मामिला तथा सामान्य प्रशासन मन्त्रालय,
(सङ्घीय मामिला महाशाखा)
सिंहदरबार, काठमाडौं।

विषयः गणतन्त्र दिवस मनाउने सम्बन्धमा।

गणतन्त्र दिवस, २०८० यही जेठ १४, १५ र १६ गते तीन दिनसम्म हर्षोल्लासपूर्वक भव्यतासाथ मनाउने सन्दर्भमा 'गणतन्त्र दिवस, २०८० मूल समारोह समिति' का अध्यक्ष सम्माननीय प्रधानमन्त्री पुष्पकमल दाहाल 'प्रचण्ड'ज्यूको अध्यक्षतामा मिति २०८०।०२।०५ गते शुक्रवार प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय, सिंहदरबारमा बसेको बैठकबाट अनुमोदित तपशिल बमोजिमका कार्यक्रम सहित दिवस मनाउने सम्बन्धमा सबै स्थानीय तहहरुमा आवश्यक निर्देशनका लागि निर्णयानुसार सादर अनुरोध छ।

तपशिल

१. सबै स्थानीय तहहरुमा सम्बन्धित स्थानीय तहका प्रमुखको अध्यक्षतामा "गणतन्त्र दिवस कार्यक्रम आयोजक समिति" गठन गरी सरसफाई, प्रभातफेरी, खेलकूद, प्रवचन तथा साहित्यिक गोष्ठी सांस्कृतिक कार्यक्रम, झाँकी प्रदर्शनी जस्ता विविध कार्यक्रम सञ्चालन गर्ने,
२. पालिकाभित्र सञ्चालित स्थानीय छापा तथा विद्युतीय सञ्चार माध्यमहरुबाट गणतन्त्रको महत्व सम्बन्धमा विशेष सम्वाद, परिसम्वाद, रेडियो नाटक लगायतका जनचेतनामूलक एवं रचनात्मक तथा सिर्जनात्मक कार्यक्रमहरुको निर्माण, सञ्चालन तथा प्रकाशन/प्रसारण गर्ने व्यवस्था मिलाउने,
३. स्थानीय पालिकाभित्र रहेका सरकारी, सामुदायिक एवं गैर सरकारी कार्यालयहरु एवं मण्डला, दरबार स्क्वायर जस्ता सार्वजनिक स्थलहरुमा राष्ट्रिय झण्डा फहराउने तथा साँझ दीप प्रज्ज्वलन गर्ने र पालिकावासी आमनागरिकहरु समेतलाई घर-घरमा दीपावली गर्न अनुरोध गर्ने,
४. स्थानीय विद्यालयहरुमा अध्ययनरत फरक क्षमता भएका विद्यार्थीहरुको लागि उपयुक्त हुने शैक्षिक तथा खेलकूद सामग्री वितरण गर्ने,

भीमकान्त शर्मा
उपसचिव